# सिमकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

## *आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम*

*मिति : २०८०।०३।१०*

# उपाध्यक्ष श्री सुशिला रोकायाद्धारा सिमकोट गाउँपालिकाको गाउँसभाको ७ औ अधिवेशनमा प्रस्तुत आ.व. २०८०/८१ को वजेट

**गाउँसभाका अध्यक्ष ज्यु,**
**गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**

१. सर्वप्रथम, सिमकोट गाउँपालिकाको ७ औ अधिवेशनमा हार्दिक स्वागत गर्न चाहान्छु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पछिको दोस्रो यस गाउँसभा समक्ष आगामी आ.व. २०८०/८१ को वार्षिक बजेट अनुमान गरि प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ।

२. सिमकोट गाउँपालिको समग्र सेवा प्रवाहलाई अझ थप प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प हो र रहने छ। यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिदै आगामी आ.व. २०८०/८१ को बजेट आम सिमकोट गाउँपालिकावासीको साथ, समर्थन, एकता र सहयोग कायम राखीराख्ने महत्वपूर्ण औजारका रुपमा रहनु पर्छ भन्ने कुरामा म विशेष सचेत एवं सतर्क छु।

३. यस गाउँपालिकाको **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर"** बनाउने दीर्घकालिन सोच, नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकता लाई योगदान पुग्नेगरि कार्यक्रम तथा आयोजनागत बजेटलाई सही गन्तव्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु।

४. यस सिमकोट गाउँपालिकाकाको बजेट तर्जुमा हाम्रो आय बमोजिम कुशल व्यय हुनेगरि यस गाउँपालिकाको सम्वृद्धि तर्फको भविष्य र जनताको विकासप्रतिको आकांक्षालाई सम्वोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्धान्तलाई आत्मसाथ गरेको छु । साथै, गाउँपालिको स्थानीय

अर्थतन्त्रमा थप पुँजी निर्माण हुने खर्च र पुँजीगत प्राप्तितर्फ लक्षित आर्थिक वर्ष २०८०/८१ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

५. गाउँकार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८०/०८१ को आय र व्ययको अनुमान स्वीकृतीको लागी यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व आर्थिक वर्षको यथार्थ आय र व्यय चालु आ.व.को संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानित गाउँसभा समक्ष पेश गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्युहरु**

६. अब म चालु आ.व. २०७९/०८० को जेष्ठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**जेठ ३२ सम्मको यथार्थ आम्दानी र खर्च :**

आ.व. २०७९/०८० को लागि प्रक्षेपित कुल आय रु. ६८ करोड २० लाख.४४ हजार मध्ये रु. ६६ करोड ८७ लाख ५७ हजार प्राप्ति भएको देखिन्छ । जसमध्ये , आन्तरिक स्रोतबाट रु. ६५ लाख, अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड बाट रु. ६६ करोड २२ लाख ५७ हजार रहेको छ ।

त्यसैगरि, आ.व २०७९/०८० को कुल खर्च गत जेठ ३२ सम्म रु. ४१ करोड ७६ लाख ६१ हजार भएको देखिन्छ । जुन अनुमानित खर्चको ६२ प्रतिशत हुन जान्छ । त्यसैगरि कुल खर्च मध्ये चालु खर्च रु. २५ करोड ५ लाख ९६ हजार (६०%) र पुँजिगत खर्च रु. १६ करोड ७० लाख ६४ हजार (४०%) भएको छ ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्युहरु**

अब म आगामी आ.व. २०८०/०८१ का लागि प्रस्तावित राजस्व र खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

७. यस गाउँपालिकाको आ.व. २०८०/०८१ का लागि कुल आय रु. ४९ करोड ६७ लाख ६ हजार हुने अनुमान गरिएको छ ।

**आयतर्फ**

आन्तरिक आय : रु.८० लाख ,
राजश्व वाँडफाँडः रु. ८ करोड ७३ लाख ९० हजार,
अन्तर सरकारी वित्तीय हस्तान्तरण (संघिय सरकार) : रु. ३३ करोड ३८ लाख,
अन्तर सरकार वित्तीय हस्तान्तरण ( प्रदेश सरकार): रु. ६ करोड १६ हजार,
जि.आई.जेडबाटको अनुदान : रु. ७५ लाख,

**व्यय तर्फ**

चालुखर्च तर्फ : रु. ३३ करोड ५१ लाख ९८ हजार (६७.४८%),
पुँजीगत खर्च तर्फ : रु. १६ करोड १५ लाख ८ हजार (३२.५२%),
कुल खर्च : रु. ४९ करोड ६७ लाख ६ हजार ,

८. माथि उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुनेगरि विनियोजन गरेको छु । यसले गर्दा यस सिमकोट गाउँपालिकाको बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभामा जानकारी गराउन चाहान्छु ।

९. विनियोजन बजेट मध्ये क्षेत्रगत कार्यक्रम तर्फ

**आर्थिक विकास तर्फ** रु. ३ करोड ७४ लाख ८ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको ७.५४ प्रतिशत हो । यसैगरि,

**सामाजिक विकास तर्फ** रु. ९ करोड ५८ लाख ६६ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको १९.३ प्रतिशत हो । त्यसै गरि,

**पुर्वाधार विकास तर्फ** रु. ११ करोड ४५ लाख ५० हजार विनियोजन गरेको छु , जुन कुल बजेटको २३.०६ प्रतिशत हो । त्यसै गरि,

**वन, वातावरण र विपद व्यवस्थापन तर्फ** रु. १ करोड २९ लाख ३८ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको २.६ प्रतिशत हो । त्यसै गरि,

**सुशासन तथा संगठन विकास तर्फ** रु. ९ करोड ५८ लाख ६६ हजार विनियोजन गरेको छ, जुन कुल बजेटको ४७.४९ प्रतिशत हो।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१०. अब म यस सिमकोट गाउँपालिकाको  वित्तीय समानिकरण अन्तगत उप–क्षेत्रगतरुपमा विनियोजन भएको बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**कृषि तथा पशुविकास**

- रैथानेबाली प्रवद्र्धन तथा औषधि खरिदका लागी रु. २० लाख विनियोजन गरेको छु।

**शिक्षा, युवा तथा खेलकुद तर्फ**

- गुणस्तरिय शिक्षा तथा विभिन्न खेलकुद प्रवद्र्धनका लागी रु. १ करोड ६५ लाख विनियोजन गरेको छु।
- सिमकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट एस.ई.ई.मा उत्कृष्ट विद्यार्थीहरुका लागी सम्मान स्वरुप रु. ३ लाख बजेट विनियोजन गरेको छु।
- सिमकोट गाउँपालिका क्षेत्रभित्रका गरिब, विपन्न, सहीद परिवार, अपाङ्ग, महिला, दलित, सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र एम.वि.वि.एस. अध्ययनमा प्रोत्साहित गर्न अध्यक्ष उपाध्यक्ष कल्याणकारी छात्रवृति कोषका लागी रु. ५ लाख विनियोजन गरेको छु।
- युवा स्वरोगारलाई रिऋ प्रवाहका लागी  रु ३ लाख ८८ हजार विनियोजन गरेको छु।

**स्वास्थ्य तथा पोषण**

- स्थानीय आम नागरिकको स्वास्थ्यमा सहज पहुँचका लागी रु. ३० लाख विनियोजन गरेको छु।

**महिला, बालबालिका, जेष्ठनागरिक, असहाय, अपांगता तर्फ**

- महिला सशक्तिकरण र आयआर्जन वृदिका लागी रु. १५ लाख रकम विनियोजन गरेको छु।
- सिमकोट गाउँपालिका क्षेत्र भित्र रहेका एकल,अनाथ, असहाय, विपन्न,गरिब तथा जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि बालबालिका संरक्षण कोष स्थापना स्थापनाका लागी रु ३ लाख वजेटको विनियोजन गरेको छु।

**न्यायिक समिति**

- न्याय प्रणालीलाई पहुँच योग्य, सक्षम एवं विश्वसनीय न्याय सम्पादनका लागी रु. ८ लाख बजेट विनियोजन गरेको छु।

**पुर्वाधार विकास**

- सिमकोट बजार व्यवथापनका लागी रु. ३० लाख बजेट विनियोजन गरेको छु।
- सिमकोट रलिङतिर्थ सडक निर्माणमा मिलान कोषका लागी रु. ३० बजेट व्यवस्था गरेको छु।
- सिमकोट गाउँपालिका वडा ८ मा रहेको स्याडा सिचाँई निर्माणमा दायित्व सरेको रु. ३३ लाख बजेट विनियोजन गरेको छु।
- सिमकोट गाँउपालिका भित्र तत्काल मर्मत गर्नुपर्ने अवस्थाका योजनाहरुलाई मर्मत तथा सम्भारका लागी रु. ३० लाख बजेटको व्यवस्था गरेको छु।
- सिमकोट गाउँपालिका भित्रका सडकको लगत कट्टा, वडाका मुठसारि, नापीका बाटाहरु एकिन गर्न रु. १० लाख विनियोजन गरेको छु।

**संस्थागत सुशासन र संगठन विकास**

- सिमकोट गाउँपालिकामा कार्यरत कर्मचारीहरुको अवकाश पछि पाउने सेवासुविधाको लागि कर्मचारी कल्याण कोषमा रु. १० लाख बजेट विनियोजन गरेको छु।
- साझेदार निकायहरु संग साझेदारी कोषका लागी रु. ४  करोड विनियोजन गरेको छु।

**विपद् व्यस्थापन**

- मानवीय र प्राकृतिक विपत्तिका कारणले हुने आकस्मिक घटनालाई तत्काल सम्वोधन गर्न रु.१० लाख विपद् व्यवस्थापन कोषको व्यवस्था मिलाएको छु।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु,**

अब म सिमकोट गाउँपालिका अन्र्तगतका वडा तर्फ विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**वडा नं १ तर्फ**

- महिला आयआर्जन तालिम रु. ७ लाख ५० हजार
- कालाचुम्ला देखी उदि हुदै धारा पाङगोत र धारा बस्तीवाट डुल्जी सम्मको गोरेटो बाटो निर्माण रु. ५ लाख
- टाकरिम देखी गाडेल्नी सम्म घेरवार रु. ५ लाख
- दोजाम सामुदायीक भवन, रामपाल मन्दिर र चाङला प्राविको फर्निचर र व्यवस्थापन रु. ७ लाख ५० हजार
- वडा कार्यालयका लागी मोटरसाईल खरिद रु. ५ लाख

**वडा नं २ तर्फ**

- महिला आयआर्जन तथा युवालाई सिपविकास तालिम रु. १० लाख,
- पञ्चमुखी हिमाल आधारभुत प्रा.वि. को ग्यावीन निर्माण रु. ५ लाख,
- लक्षितवर्गलाई (बालबालीका, महिला, दलित)सहयोग कार्यक्रम रु. ५ लाख,
- पहिरोपरि चौथा खानेपानी आयोजना रु. ५ लाख,
- चिमीकडुक थापलीङ गुम्वा र खानेपानी मर्मत रु. ५ लाख,

**वडा  नं ३**

- वडा नं ३ को भिडियो डकुमेन्ट्री निर्माण रु. ५ लाख,
- वडा कार्यालयका लागी मोटरसाईकलन खरिद रु. ५ लाख,
- तोर्पा सामुदायीक भवन मर्मत रु. ४ लाख,
- टल्की थ्रेसर मेसीन खरिद रु. ५ लाख,

- बरगाउँ दलित समुदायको जग्गा सिचाइ रु. ५ लाख,
- बरगाउँ, गुम्वागाउमा थ्रेसरमेसिनका लागी कोठा निर्माण रु. ५ लाख,
- तल्लो लाङदुक देखि बाखचाल्न सम्म घोरेटो बाटो मर्मत रु. १ लाख,

**वडा नं ४**

- महिला आयआर्जन तथा सिप विकास रु. ४ लाख,
- जेष्ठ नागरिक ध्यान केन्द्र निर्माण रु.१० लाख,
- देवी मन्दिर निर्माण र ढुस्स्का देखी खोला सम्म बाटो निर्माण रु. ७ लाख,
- स्याम्ने तटबन्धन मर्मत रु. ४ लाख,
- वडा कार्यलय, विद्यालय, स्वास्थ्य संस्थाको फर्निचर र उपकरण जडान रु. ५ लाख,

**वडा नं ५**

- बलमन्दिर, भिमसेन र हिमाली आधारभुत विद्यालयको शैशिक पुर्वाधार विकास रु. ७ लाख,
- बाडपालामाडुको घर निर्माण रु. ५ लाख,
- साँस्कृतिक जगेर्ना तथा पुस्ता अभिलेखीकरण रु. ५ लाख,
- सिपमूलक तालिम रु. ८ लाख,
- भदाले देदि शिवमन्दिर सम्म वृक्षारोपण रु. ५ लाख,

**वडा नं ६**

- चौथ  देखि तलिवाडा हुदै भोखाडा सम्म सडक निर्माण रु. ३० लाख,

**वडा नं ७**

- धारापुरि चौथारा देखी पाङलाथुमको भुवानीमाडु सम्म बाटो निर्माण रु. १० लाख,
- डाडाफायाको वारा देखी माझगाउँ सम्मको आवधिक जग्गा घेरवार रु. १४ लाख,
- महिला आयआर्जन तालिम र साँस्कृतिक प्रवद्र्धन कार्यक्रम रु. ६ लाख,

**वडा नं ८**

- कुखुरा पालन रु. ५ लाख,

- याङ्गु देखी थलाल्न सम्म बाटो निर्माण रु. ५ लाख,
- कान्ती आधारभुत विद्यालय मञ्च निर्माण रु. ५ लाख,
- रानीगुम्वा मैदान निर्माण रु. ५ लाख,
- थ्रेसर मेसिन मर्मत रु. ३ लाख,
- सिपमूलक तथा आयआर्जनमूलक तालिम रु. ५ लाख,
- साँस्कृतिक प्रवर्द्धन कार्यक्रम रु. २ लाख,

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु ,**

११. अब म अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्रतगत हस्तान्तरित संघिय सरकारबाट समपुरक र विशेष अनुदान विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- सिमकोट गाउँपालिका वडा नं ८ को वडा कार्यालयको भवन निर्माणका लागी रु. ५० लाख विनियोजन गरेको छु,
- सिमकोट गाउँपालिकाको अन्रतगत ग्याग्रु जिउला सिचाई आयोजनाका लागी रु. ५० लाख विनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१२. अब म अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्रतगत हस्तान्तरित संघिय सरकारबाट सशर्त अनुदानको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- कृषि सेवा तर्फ रु १० लाख,
- कृषि बिकास रणनिति अनुगमन तथा समन्वय कार्यक्रम तर्फ रु १६ लाख
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फ रु १३ लाख,
- पशु सेवा तर्फ रु ३ लाख
- सवैका लागि शिक्षा आधारभूत तह तर्फ रु ६ करोड ९३ लाख,

- माध्यामिक तह तर्फ रु १ करोड ८५ लाख,
- विद्यालय शिक्षा क्षेत्र योजना तर्फ रु ४ करोड ८० लाख,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद तर्फ रु ७ लाख,
- विद्यालय शिक्षा क्षेत्र योजना तर्फ रु १ करोड,
- बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु १३ लाख,
- प्राथमिक स्वास्थ्य सेवा तर्फ रु. १करोड ७६ लाख
- क्षयरोग नियन्त्रण तर्फ रु २ लाख,
- परिवार कल्याण कार्यक्रम तर्फ रु ३८ लाख,
- महामारी रोग नियन्त्रण कार्यक्रम तर्फ रु १ लाख,
- राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम तर्फ रु २ लाख,
- नर्सिङ तथा सामाजीक सुरक्षा सेवा कार्यक्रम तर्फ रु १० लाख,
- उपचारात्मक सेवा कार्यक्रम तर्फ रु १६ लाख,
- स्वास्थ्य ब्यवस्थापन कार्यक्रम तर्फ रु २ लाख
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु ४३ लाख,
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम तर्फ रु २५ लाख,
- दिगो सरसफाई आयोजना तर्फ रु ९६ लाख,
- राष्ट्रिय परिचयपत्र तथा पंजीकरण तर्फ रु ९ लाख,
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ रु ४६ लाख,
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ५६ लाख,
- लघु उद्यम विकास कार्यक्रम तर्फ १३ लाख,
- राष्ट्रिय युवा परिषद् तर्फ १० लाख,
- राष्ट्रिय खेलकुद परिषद् तर्फ रु १० लाख,
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ  रु ३ लाख,
- दिगो सरसफाई योजना तर्फ रु १ करोड २० लाख,
- बस्ती विकास कार्यक्रम तर्फ रु ६० लाख,
- राष्ट्रिय ग्रामीण तथा नबीकरणीय उर्जा कार्यक्रम तर्फ रु १२ लाख,

- झोलुंगे पुल क्षेत्रगत कार्यक्रम तर्फ रु ५० लाख

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्युहरु**

१३. अब म अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्रतत हस्तान्तरित प्रदेश सरकारबाट विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- बरगाउँ स्वास्थ्य चौकी माथिल्लो तला भवन निर्माण, सिमकट गाउँपालिका वडा नं ३( रु. २० लाख,
- गुम्बा देखि खोलासम्म ढल निर्माण, सिमकोट गाउँपालिका वडा नं १, रु. २० लाख,
- ठेहे स्वास्थ्य चौकी घेरवार सिमकोट २, रु. २० लाख,
- सामुदायिक बगैचा, घेरवार सिमकोट ४, रु. २० लाख,
- औल्ल खोला नाउल घेरवार, सिमकोट ५, रु.२० लाख
- आधारभूत स्वास्थ्य चौकी तथा सुमाईजी माडु घेरवार सिमकोट गाउँपालिका वडा नं ६, रु. २० लाख,
- चौगानफाया स्वास्थ्य चौकी घेरवार, सिमकोट ७, रु. २० लाख,
- सैपाल हिमाल मा.वि. जग्गा घेरवार सिमकोट ८, रु. २० लाख,
- सामुदायिक भवन, सिमकोट ३ हुटिक, रु.१५ लाख,
- लामा साँस्कृतिक मञ्चको भवन निर्माण सिमकोट ६, रु. २० लाख,
- लखनबाडा चौसाडा बस्ती पहिरो नियन्त्रण, सिमकोट २ ठेहे, रु. १५ लाख,
- डाडिया तटबन्ध, सिमकोट २, रु. १० लाख,
- काल्टाक्चे देखि सिङछोक हुदै डङडीक सम्म सिचांई, सिमकोट ३, रु. १५ लाख,
- साप्चाटा खानेपानी, सिमकोट २ ठेहे, रु.१० लाख,
- बुराउसे मानिलाङ ( धार्मिक चक्र) योजना, सिमकोट ४, रु. १० लाख,
- आरन घर, सिमकोट १ दोजाम, रु. १५ लाख,
- सिमकोट स्याम्ने खण्ड प्रभावित जग्गामा वृक्षारोपण एमं भुसंरक्षण कार्यक्रम, रु. ५० लाख,

- सचार टोल हुदै उद्योग वाणिज्य संघ पुरानो सिटिजन्स बैंकसम्म ढल, सिमकोट माथिल्लो बजार, रु १५ लाख,
- माथिगाउँ ढल निर्माण, सिमकोट ६,  रु.१५ लाख,
- मालिका तिर्थ पदमार्ग, सिमकोट ८ स्याडा, रु. १५ लाख,
- गैरासाडा देखि दाररडाउनेसम्म पदमार्ग, सिमकोट ५ तल्लो गाउँ, रु. १० लाख,
- डाँडाफय टुलिङ सडक निर्माण, सिमकोट गाउँपालिका, रु. ५० लाख,
- बुराउसे पञ्चमुखी सडक, सिमकोट ४ बुराउसे, रु. १५ लाख,
- धारोपारी गाउँ गुरामाडु हुँदै बगर बाटो, सिमकोट ७ धारोपारी, रु. १५ लाख,
- भेडीगाउँ देखि याङगुसम्म बाटो निर्माण, सिमकोट ८, रु. १५ लाख,
- प्रमुख बालीहरुमा बाली कटानी, रु. २० हजार,
- कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम, रु. ३ लाख ५० हजार,
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम, रु. ७ लाख १८ हजार,
- स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता, रु. ३ लाख ६० हजार,
- भित्रखोला देखि बाहिर खोलासम्म पहिरो नियन्त्रण, सिमकोट २ ठेहे, रु. १० लाख,

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१४. कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । साथै, प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तयार गरेको छु । देशमा खस्किदो आर्थिक अवस्थाले संघ र प्रदेश सरकारबाट प्राप्त अन्तर सरकार वित्तीय हस्तान्तरणबाट प्राप्त बजेट सिलिङमा कम भईआएकोले माग भई आएका योजनाहरुलाई सम्वोधन गर्ने चुनौती हुने देखिएको छ । यद्यपी, त्यस्ता कार्यक्रमहरुलाई योजना बैंकमा सुचिकृत गरि क्रमशः कार्यान्वयन गर्दै लगिने जानकारी गराउन चाहन्छु ।

१५. प्रस्तुत आगामी आ.व. २०८०/०८१ को बजेट कार्यान्वयनबाट रोजगारी सृजना, आयआर्जनमा वृद्धी, सामाजि सुरक्षा तथा संरक्षण, स्थानीय पुर्वाधार निर्माणमा थप टेवा पुग्ने अपेक्षाका साथ बजेट तथा कार्यक्रम  स्वीकृतीको लागि पेश गरेको छु ।

**अन्त्यमा,**

१६. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सुझाव दिनु हुने गाउँपालिकाका सदस्य ज्युहरु, विभिन्न विषयगत समितिका पदाधिकारी लगायत कर्मचारी मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघिसारेको बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, निजीक्षेत्र, करदाता, अन्तर्राष्ट्रिय दातृ निकाय, संघ संस्थाहरुलाई साझेदारी र सहकार्यका लागी हार्दिक धन्यवाद सहित अपिल समेत गर्दछु ।

**सुशिला रोकाया**
**उपाध्यक्ष**